संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित
मुलुकी
राष्ट्रिय दैनिक
खबर
माझखर्क
साप्ताहिकको सह-प्रकाशन

बिमा कार्ड हराएको सुचना
नाम - सम्झना परियार
फोन नम्बर - ९८१७७९७८०७
पोलेसी नम्बर - २३१०००७७९
नेपाल लाईफ इन्सुरेन्स
शाखा कार्यालय गाईघाट
उदयपुर

■ बर्ष-१६, ▶▶ अंक ३२० ▶▶ जेठ २६ बुधबार,२०७८, June – 9 Wednesday ,2021, यलेदुङ किरात सम्वत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. ५/- www.majhkharka.com

संजिव
जोन चेयरपर्सन

गाईघाट, जेठ २५

नेपाल तरुण दलको त्रियुगा नगर सभापती तथा लायन्स क्लव अफ गाईघाट सिटीका लायन संजिव खतिवडा लायन्स अन्तर्राष्ट्रिय डिसिट्रक्ट लायन वर्ष २०२१ - २२ को लागि जोन चेयरपर्सनमा नियुक्ति भएका छन्। उदयपुरको त्रियुगा नगरपालिका १५ खाँबुमा जन्मिएका खतिवडा लायन्स क्लबमा विगत ७ वर्षदेखि क्रियाशिल थिए।

नगरपालिकाको दिएका बिकास। उदयपुरको त्रियुगा नगरपालिकाले आफनो १६ वटै वडाहरुमा सोलार सडक बत्तीहरु बाँड्ने क्रममा नगरपालिकाको वडा नम्बर १५ खाँबु छामलिङ सुनकोशी चोकमा दिएको सोलार सडक बत्ती। (गाईघाट - दित्तेल) सगरमाथा राजमार्ग अर्न्तगत ४३ किलोमिटरमा यो सुनकोशी चोक छामलिङ खाँबुमा पर्दछ। सडक सोलार बत्तीले विधुत नहुँदा पनि रातीको समयमा उज्यालो दिने गरेकाले रातीको समयमा सडकमा हिन्नेहरुलाई राहत मिलेको छ।

तस्बिर - बुद्धि कुमार राई

बजारभरी सिसि क्यामेरा

❖ **मुलुकी संवाद्दाता**

गाईघाट, जेठ २५

तपाई के गाईघाट बजार घुमिरहनु भएको छ यदि त्यसो हो भने तपाईले बजार क्षेत्रभित्र के गरिरहनु भएको छ त्यो सबै जिल्ला प्रहरी कार्यालय उदयपुर भित्र प्रहरीहरुले सिसि क्यामेराबाट निगरानी गरिहेका छन्।

अहिले गाईघाट बजार क्षेत्रमा चोक, मुख्य ब्यापारी केन्द्र, कुना काप्चा, मुख्य नाका, प्रवेशद्वार, भिडभाड हुने तरकारी बजार लाईनमा प्रहरीको २४ सै घण्टा निगरानी हुने तरिकाले सिसि क्यामेरा जडान गरिएको छ। गाईघाट बजार क्षेत्रमा ३६ वटा सिसि क्यामेरा जडान भएका छन्।

गाईघाटको मुख्य चोकमा ३ वटा, लोकतान्त्रिक पिपलचोक, झमेली चोक, बसपार्क, एसके पेट्रोल पम्प (पुरानो पेट्रोलपम्प), पुरानो गाईघाट चोक, आँखा अस्पताल, डिएमगेट, बैङ्क लाईन, टेम्पु चोक, जिल्ला प्रहरी कार्यालय उदयपुर परिसर, हस्पिटल चोक, कबड्हल जानेबाटो, बोक्से चोक, मालपोत कार्यालय जाने चोक, कारागार जाने चोक, जिल्ला प्रशासन कार्यालय चोकमा सिसी क्यामेरा जडान छ।

यि बाहेक गाईघाट मुख्य चोक, फुलचोक, असारी - बेल्टार जाने बरुवा खोला पुल, तरकारी बजार जाने बाटो, पिपल चोक, करमगाछी, ढिम्कि मन्दिर, साउने जाने बाटो, बाबरी जाने बाटो, सिमलटार क्षेत्रमा सिसि क्यामेरा जडान गरिएको छ। यि ठाउँमा २४ सै घण्टा प्रहरीले सिसि क्यामेराबाट हेरिरहेका हुन्छन्।

त्रियुगा नगरपालिका मेयर ले ४ वर्षमा के गरे ?

❖ **बुद्धि कुमार राई**

गाईघाट, जेठ २५

चार बर्षअघि स्थानीय चुनावमा त्रियुगा नगरपालिकाको नगरप्रमुख मेयरको चुनावमा पराजित नेपाली काङ्ग्रेसका नेता बसन्त बस्नेतले मेयरले बितेको ४ वर्षमा केही काम नगरेको आरोप लगाएका छन्। स्थानीय सरकारले नगरवासीको समस्या, आबश्यकता बुझ्न नसकेर मेयर गफ दिएर नगखासीलाई झुट बोलेको उनले बताए।

मुलुकी दैनिकसँगको साक्षात्कारमा नेता बस्नेतले यो स्थानीय सरकार निर्वाचित हुनु भन्दा पहिलेको दलिय नेतृत्वको नगर समितिले धेरै काम गरेको बताए। उनले भने जिल्लाको सदरमुकाम रहेको नगरपालिका, सबै भन्दा ठुलो नगरपालिका अन्य नगरपालिकाले विविध नगरवासीको हित हुने कार्यक्रम गरिरहेको बेला त्रियुगा नगरपालिकाको मेयर नगरपालिकाको बिकास गर्ने सोच, विचार र मनशाय नभएको पनि आरोप लगाए।

नगरपालिकाको बिकासमा मेयरको ज्ञान, सिप, क्षमता, सोच नभएको पनि उनले आरोप लगाए। बितेको ४ बर्षमा त्रियुगा नगरपालिकालाई ग्रीनसिटी, केवलकारको नारा दिएर अहिले बजारमा भईरहेको सडक टालटुले कामले ग्रीनसिटीको पुरै झलक दिएको उनले ब्यङ्ग्य गरे। गत वर्षको कोविडमा ब्यापक भ्रष्टचार भएको र यो वर्ष को कोविड महामारीमा मेयर नगरपालिका बन्द गरेर जिल्ला बाहिर रहेको बताए। नगरप्रमुख नगरवासीको हितमा केही काम नगर्ने सोच भएको बताए। नले मेयरले कुरा गरेर मात्र हिडने गरेको आरोप लगाएको छ। नगरपालिकाको बिकासको - *बाँकी २ पेजमा*

बिके किराना पसल
गाईघाट, उदयपुर

FASHION HUB
वि. के.
किराना पसल
गाईघाट
बि.के. किराना पसल, गाईघाट | सम्पर्क नं.:

सगरमाथा
डिपाटमेन्ट स्टोर
गाईघाट, उदयपुर

सबै दैनिक उपभोग्य सामानहरु,घरायसी सामानहरु गाईघाटमा एकै ठाउमा पाईने सगरमाथा डिपाटमेन्ट स्टोर, गाईघाट लोकतान्त्रिक पिपलचोक
SAGARMATHA

सम्पादकिय

घर भाडामा छुट

उदयपुर जिल्लाको सदरमुकाम गाईघाटमा घर भाडामा लगाएर कमाई गर्नेहरुको सङ्ख्या अहिले पछिल्लो समय बढ्दै गएको छ। कतिले घर भाडामा लगाएर आयआर्जनको माध्यम बनाएको छ भने कतिले त्यही घर भाडा उठाएर आफ्नो दैनिक गुजारा चलाईरहेको छ । अहिले उदयपुरमा नि निशेधाज्ञा लागु गरेको एक महिना बढि भईसकेको छ। दैनिक रुपमा बिहान २-३ घण्टा पसल खोल्ने र बन्द गर्ने व्यापारीहरुले व्यापार गर्न पाएका छैन भने अन्य आय आर्जनको स्रोत छैन। तर घर भाडा भने घरपेटीले भने बमोजिम तिर्नुपर्दछ। घरपेटीहरुको मनमा सहयोग र छुटको सुइरो छिरेको छैन ।

गत वर्षको लकडाउनमा लामो समय बजार पसलहरु बन्द हुँदा त्रियुगा उद्योग बाणिज्य संघले घरवालाहरुलाई घरभाडा छुट दिनमा अनुरोध गर्यो । तर यस कार्यमा घरवाला जगत बन्जारा लगायत केही घरवालाले मात्र आफ्नो घरमा बस्नेहरुलाई घर भाडामा छुट दियो। वर्षौंसम्म भने बमोजिम घरभाडा तिर्दै आएका निरिह व्यापारीहरुले दैनिक रुपमा व्यापार हुँदा त घरभाडा तिर्न मुस्किल पर्दथ्यो । तर अहिलेको बन्दाबन्दीको स्थितिमा घरवालाहरुले मन ठुलो पारेर भर भाडा छुट दिनुमा आँट कस्नुपर्दछ। गाईघाट यस्तो सहर हो यहाँका घरवालाहरुको मन ठुलो छ। गाईघाट बजारमा सामान्यतया मुख्य सडकमा सटरको भाडा महिनाको १५ हजारदेखि २० हजार छ भने बित्तिय संस्थाहरु, बैङ्कहरु, ठुला होटल तथा सुपरमार्केटहरुले मासिक १ लाखसम्म घरभाडा तिर्दै आएका छन्।

यो वर्ष व्यापारीहरुलाई राहत पुग्ने किसिमको घरभाडा छुट दिने जस्ता कार्यक्रममा त्रियुगा उद्योग वाणिज्य संघ का पदाधिकारीहरुले पहल नै गरेका छैनन। व्यापार गरेर कमाएका व्यापारीहरुले त भाडा तिर्लान तर ति व्यापारीहरु जो त्यही व्यापार गरेर घरभाडा तिर्ने, आफ्नो दैनिक गुजारा तार्नेहरुको कस्तो समस्या होलान घरपेटीवालाहरु बुझ्ने कि कुरा । व्यापारीहरुले पनि घरभाडा छुट पाएमा उनीहरुले पनि आफुले बेच्दै आएको सामानहरुमा थप मुल्य ग्राहकहरुलाई थप्ने थिएनन् । व्यापारीहरुको मनमा अहिले लागेको कुरा के हो भने व्यापार छैन । व्यापार नहुँदा पनि घरभाडा तिर्नु परिरहेको छ। त्यो भाडा क्हाँबाट सल्टाउने भन्दा उनीहरुले सोचिरहेका हुन सक्छ अब बन्दा बन्दी खुलेपछि त्यही पहिले बेचेको, बेच्दै आएको सामानमा केही मुल्य थपेर यो बन्द समयमा तिरेको भाडा उठाउने । त्यसैले व्यापारी, कोठा भाडामा बस्ने नागरिकलाई घरभाडा पुरै छुट दिन अग्रसर बनौ । घरभाडा पुरै छुट, ७५ प्रतिशत छुट, ५० प्रतिशत भाडा छुट गराउने अभियान चलाऔ । सबैले मन ठुलो बनाएर घरभाडा छुट दिऔ ।

जेठ २४ गते मंगलबार
गाईघाटको तरकारी बजार भाउ

१, आलु	रु ४०	१२, फुलकोबी	रु ५०
२, अदुवा	रु १००	१३, फर्सि	रु ३०
३, टमाटर	रु ६०	१४, कटहर	रु ६०
४, बन्दा	रु ५०	१५, काका	रु ४०
५, भेन्टा	रु ५०	१६, धनियाँ	रु १५०
६, खुर्सानी	रु ८०	१७, लोकलबोडि	रु ८०
७, मुला	रु ६०	१८, खर्बुजा	रु ४०
८, पर्बल	रु ८०	१९, रायो साग	रु ६०
९, तितेकरेला	रु ६०	२०, लट्टे साग	रु ४०
१०, भिन्डी	रु ४०	२१, प्याज	रु ५०
११, च्याउ	रु २००	२२, निगुरो	रु २०

टालटुले सडकको ब्यापक बिरोध

गाईघाट, जेठ २५

गाईघाट बजारको सडक मर्मत सम्भारमा भईरहेको कामकमा स्थानीयहरुले ब्यापक गुनासो गरिरहेका छन् ।

गाईघाट बजार लोकतान्त्रिक पिपलचोकका होटल व्यावशायी गंगा बाहिङ राई सामाजिक सञ्जाल फेसबुकमा लेख्छन् कानुन को खोजी गरि यस्ता टालटुले कार्यबाट भ्वाम पार्नेहरुलाई सचेत पो गर्ने कि ? बिकास भन्दा बिनास बढी गरेका छन । गत साल पनि यस्तै गरे यस्ता मिलेमतो का चङ्गुलहरुलाई ध्वस्त नबनाई पुन अर्को साल पनि यस्तै बिध्वस पार्छ्न ?

गाईघाटका पुराना पत्रकार शरद ढुङ्गाना चाहि बिकास जसरि पनि गर्न पाइन्छ। जनतालाई बिकास हो, चाहे धेरैको बिकास भए पनि चाहे थोरै को बिकास भए पनि बिकास बिकास नै हो ।

नेकपा एमालेका नेता टेकबहादुर राउत लेख्छन् यस्ता टालटुले काम तत्काल बन्द गरि गर्न लगाइ बरु अहिले जतिसम्म मिटर / किलोमिटरसम्मलाई बजेटले पुग्छ त्यतिसम्मलाइ राम्रो संग पिच गर्दै लानु उपयुक्त हुन्छ । अर्का नेपाल पत्रकार महासंघ उदयपुरका कोषाध्यक्ष गणेश उप्रेती लेख्छन् यो काम बन्द गरी पुरै काम गर्ने बातावरण बनाउन पत्रकार साथिहरूको खबरदारी र स्थानिय बासिन्दाको जागरूकता र दबाब चाहियो। नेपाल पत्रकार महासंघ उदयपुरका बरिष्ठ उपाध्यक्ष पर्शुराम थापा लेख्छन् चालु आवमा गाईघाट टाउनप्लानिङ्गको सडक स्तरोन्नती गर्न गतवर्ष त्रियुगा नगर सभाले चार करोड बिनियोजन गरेको थियो हैन ? डेढ दशकदेखी भत्किएका र खाल्डाखुल्डी परेर जिर्ण बनेको सडकको पुन:निर्माण होला भनेको त टालटुल पो हुन लागेछ । जनप्रतिनिधीले आफ्नो कार्यकाल सकिदैगर्दा बजारको मुख्य सडकको एउटा नमुना काम गर्लान भनेको त टालटुल मात्र ! त्यो पनि सडक वोर्डले। भनेपछि यो सडक चिल्लो हुन अझै केही वर्ष कुर्नपर्ने भयो हैन ? उनी प्रश्न गर्छन ।



Madhab Prakash Parajuli is with Baldev Chaudhary and 3 others.

Parshu Ram Thapa

21h

Gonga Bonung

Sharad Dhungana

बिकास जसरि पनि गर्न पाइन्छ जनता लाइ बिकास ज्ञे धेरै को भए पनि केहि को भए पनि कि बिरोध

Upreti Ganesh

13h Like Reply 14

View 3 previous replies...

Pokharel Khagendra

Tek Bahadur Raut

त्रियुगा नगरपालिकाको वडा नम्बर ११ मा पर्ने बजार क्षेत्रको सडक मर्मत सम्भारको लागि छुट्याईएको ५७ लाख बजेट काम टालटुल गरेर सक्ने उदेश्यले निर्माण कम्पनीले बनाईरहेको विभिन्न सामाजिक सञ्जालमा बिरोध भईरहेको छ ।

गाईघाट प्

गाईघाटका सन्तोष च

फेस्बुकमा लेख्छन् यो काम राम्रो भएन। जुन ठाउँमा सडक मर्मत गरिनुपर्ने हो त्यही ठाउमा नै सडक कोतारेर त्यही ठाउँको पुरानै माटोले पुर्ने हो भने किन मर्मत सम्भार गरिरहनुपर्यो ।

भत्किएको पुरानो ठाउँमा नयाँ गिटी मसाला लगाएर निर्माण गर्दा टिकाउ हुनेथियो । गाईघाट पिपलचोक लोकतान्त्रिक चोकका स्थानीय तथा बरिष्ठ कानुन अधिबक्ता मोहन बहादुर कार्की चाही यो असारे बजेट सक्ने नाटक भएको उनको प्रतिक्रिया छ। अर्का मुकेश राई भन्छन् यो काम गर्नु भन्दा स्थानीय रविन्द्र राईको प्रतिक्रिया चाही यसरी टालटुल गरेर बजेट सक्नु भन्दा थौरै भएपनि लामो समय टिकाउ हुने सडक बनाउनु उचित हो ।

बिधुतमार्गमा भने स्थानीयहरुले सडक मर्मतमा रोक लगाईसकेका छन् । त्रियुगा नगरपालिकाका इन्जिनियर निर्मल चौधरीले सडक निर्माणमा गुनासो आएकाले अब बैठक बसेर सडक निर्माणको बिषयमा टुङ्गो लगाईने बताए । अहिले गाईघाट बजारको कालेपत्रे सडकको मर्मतको विषयलाई लिएर सामाजिक सञ्जालमा ब्यापक बिरोध भईरहेको छ ।

कोरोना क्रमशः नियन्त्रण हुँदै

❖ **मुलुकी संवाददाता**

उदयपुर, जेठ २५

पछिल्लो २४ घण्टामा उदयपुरमा कोविड संक्रमित १६ जना थपिएका छन्। ६ महिलासहित १६ संक्रमित थपिएसँगै निको हुनेको १३ महिलासहित ३५ जना पुगेका छन् । नयाँ संक्रमितहरु चौदण्डीगढीका ३ महिलासहित १४, कटारीमा १ महिला र लिमचुङबुङमा १ पुरुष छन्।

यो सहित सक्रिय संक्रमितको संख्या जिल्लामा ५ सय १ महिलासहित १ हजार १ सय ११ पुगेको छ । हाल संक्रमितहरु त्रियुगाका २ सय ३२ महिलासहित ५ सय २५, कटारीमा ५४ महिलासहित १ सय १९, बेलकाका ६८ महिलासहित १ सय ३३, चौदण्डीगढीका ६१ महिलासहित १ सय २६ छन् । अन्य संक्रमितहरुमा रैतामाईमा ३१ महिलासहित ८२, लिमचुङबुङमा ३४ महिलासहित ६९, उदयपुर गढीमा १७ महिलासहित ४६ र ताप्लीमा ४ महिलासहित ११ जना छन्।

त्यसैगरी निको हुनेमा त्रियुगामा ६० महिलासहित १ सय ५४, कटारीमा ६ महिलासहित १६, बेलकामा २३ महिलासहित ४४ र चौदण्डीगढीमा ४४ महिलासहित १ सय १ छन् ।रौतामाईमा ३ महिलासहित १० जना निको हुँदा उदयपुरगढीका ३ महिलासहित ७, ताप्लीका १ महिला र लिमचुङबुङका १५ महिलासहित ३० जना निको भएका छन् ।

कोविडले २४ घण्टाभित्र १ महिलासहित २ जनाको मृत्यु भएको छ । बेलका ४ का ५१ वर्षीय पुरुषको बिराट मेडिकल कलेजमा आईतबार राति मृत्यु भएको छ भने कटारी ४ की २८ वर्षीया महिलाको बिराटनगरकै नोबेल मेडिकल कलेजमा सोमबार विहान मृत्यु भएको छ । स्वास्थ्य कार्यालय प्रमुख मोहन सुबेदीका अनुसार अघिल्लो दिन १३ संक्रमित थपिएका थिए भने २२ जना निको भएका थिए । १ महिलासहित २ जनाको अघिल्लो दिन मृत्यु भएको थियो ।

उदयपुरमा हालसम्म कोविडका कारण ४६ जनाको मृत्यु भएको छ ।

मेयरले .....

मोडेलबारे मेयरमा त्यो ज्ञान, सिप, क्षमता सोच नभएको बताए । नगरपालिका यत्रो महामारीको बेला बन्द छ । सबै वडा कार्यालयहरु बन्द अबस्थामा छ। नगरपालिका भित्र रहको सडकहरु कसरी कालेपत्रे गर्ने भन्ने खोई मोडेल । गत वर्ष कालोपत्रे गर्ने भनेर छुट्याईएको ६ करोड बजेटले कहाँ काम भयो उनको गुनासो छ ।

कोविडको महामारीको बेला नगरपालिका संवेदनशिल बन्न नसक्दा नगरका जनताले अकालमा मृत्युवरण गर्नु परेको पनि उनले बताए । नगर प्रमुख नगरपालिकाको पिता हुन् । नगरवासीलाई कसरी सुरक्षित गर्नुपर्छ भन्ने सोच, योजना हुनुपर्ने हो खोई हाम्रो नगरप्रमुखमा त्यो ज्ञान।

NOVEL CORONA VIRUS (nCOV)
सर्वसाधारणका लागि जनचेतनामूलक सन्देश
नोबेल कोरोना भाइरसका मुख्य लक्षणहरू
ज्वरो
[illegible]
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी
[illegible]
नोबेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने ?
नियमित रूपमा साबुन-पानीले हात धुने
खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख छोप्ने
यदि फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने
जंगली तथा घरेलु पशुपन्छीहरूसँग असुरक्षित सम्पर्कबाट टाढा रहने
पशुजन्य मासु/अन्डा राम्रोसँग पकेको मात्र खाने
उदयपुरगढी गाउँपालिकाको कार्यालय
उदयपुरगढी

मो [illegible]
न्यू सप्तकोशी होटल एण्ड लज
त्रि.न.पा.-११, संगम टोल
यहाँ खान बस्नुको राम्रो प्रवन्ध साथै कोल्ड ड्रिंक्स पनि पाईन्छ ।

रौताको शुद्ध पानी,
सुरक्षित जिन्दगानी...
हिमाल, पहाड, तराई, सहरदेखि
गाउँ-गाउँसम्मको रोजाई पवित्र
रौता पोखरीको मुहान
त्रियुगा नदीबाट उत्पादित
शुद्ध मिनिरल वाटर रौता
पानी सधैं सबैले
प्रयोग गरौं ।
प्रोपाइटर - पर्शुराम चौधरी, फोनः ९८५२८३५०३७
त्रियुगा नगरपालिका - ३ मोतिगडा, उदयपुर

सार्वजनिक हितका लागि
लिम्चुङबुङ गाउँपालिकाद्वारा जारी सूचना
समयमै कर तिरौं,
असल नागरिकको परिचय दिऔं ।
○ आफूले सञ्चालन गरेको व्यापार, व्यवसायको समयमै नविकरण गरौं ।
○ उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पार्ने किसिमका वस्तुको बिक्री वितरण नगरौं ।
○ दर्ता गरेर मात्र व्यापार, व्यवसाय सञ्चालन गरी असल व्यवसायीको परिचय कायम गरौं ।
○ बिना इजाजत मदिराजन्य पदार्थको बिक्री वितरण नगरौं ।
○ खाद्य र अखाद्य वस्तु एकै ठाउँमा राखेर बिक्री वितरण नगरौं ।
○ समयमै कर तिरौं : जरिवाना र हर्जाना तिर्नबाट बचौं ।
सहभागितामूलक,
समावेशी तथा साझेदारीपूर्वक
विकास निर्माण, स्वच्छ, निष्पक्ष तथा
सुशासनयुक्त कार्यशैली हाम्रो अभियान,
जेष्ठ नागरिक, एकल महिला, अपाङ्ग
र अशक्त नागरिकप्रति जिम्मेवार बनौं ।
जन्म, मृत्यु, विवाह, बसाई-सराई,
सम्बन्धविच्छेद जस्ता व्यक्तिगत
घटना दर्ताहरु सम्बन्धित वडा
कार्यालयमा ३५ दिनभित्र
अनिवार्य दर्ता गरौं ।
लिम्चुङबुङ गाउँकार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर, प्रदेश नं. १ नेपाल

निषेधाज्ञा क्रमश खकुलो बनाईदै

❖ मुलुकी संवाद्दाता

उदयपुर,जेठ २५

कोरोना भाइरसका कारण सरकारले देशैभर निषेधाज्ञा लागु गर्दा सर्वसाधरणलाई मार्का परेको कारण आगामी असार महिनाबाट निषेधाज्ञा क्रमश खुकुलो बनाईने भएको छ।

निषेधाज्ञाका कारण जनमानसमा परेको असरलाई ध्यानमा राखी खकुलो बनाउने बिषयमा छलफल चलाएको छ। गृह मन्त्रालयमा आयोजित छलफलमा हालसम्म निषेधाज्ञा कोरोनाको 'चेन ब्रेक' गर्न सहयोगी साबित भएको गृहको निष्कर्ष छ। एकै पटक भन्दा पनि क्रमश खकुलो बनाईने भएको हो। अब निषेधाज्ञालाई क्रमश: खुकुलो गर्दै लैजानुपर्ने स्थानीय प्रशासकिय अधिकारीहरुको पनि विश्लेषण रहेको छ। गृह मन्त्रालयका अनुसार मुलुकभर जारी गरिएको निषेधाज्ञाको आदेश कार्यान्वयन र संक्रमणको अवस्थाबारे समीक्षा भइरहेको र त्यसैका आधारमा असारदेखि कसरी अघि बढ्ने भन्ने कुराको छलफल भएको जनाइएको छ।

मो.९८६२८३४६५६/९८४२९८३५१०
न्यू सप्तकोशी होटल एण्ड लज
त्रि.न.पा.-११,संगम टोल
यहाँ खान बस्नुको राम्रो प्रवन्ध साथै कोल्ड ड्रिंक्स पनि पाईन्छ ।

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को

अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यधिक प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :

१. सिलिण्डर ल्याउदा सिलबन्दी ल्याउनुहोस् । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, ढल्काएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर, पाइप, चुल्होजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :

१ खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नब बन्द गरौं ।
२. झ्याल ढोका खुल्ला राखौं र आगो निस्कने वस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाइटर, धुप आदि नबालौं । विद्युतजन्य उपकरणको प्रयोग नगरौं ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाई बाहिर खुल्ला स्थानमा राखौं र नजिकको ग्याँस बिक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौं ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो !"

उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१



त्रिनपा – ११ गाईघाट, उदयपुर, असारीरोड,
लालिगुराक बोडिङदेखि पुर्व पटी मन्दिर अगाडी ।
प्रोपाइटरः-**थमान चामलिङ राई**
सम्पर्कः- ९८४२९७५८७७, ९८१९७३८६८३

यहा अण्डा डिलर होलसेल तथा खुद्रा मुल्यमा बिक्रि गरिन्छ। पानी, थुक्पा, सस, स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु, खुद्रा तथा होलसेल मुल्यमा पाईन्छ।

पाण्डे श्री सप्लायर्स & ट्रेडर्स

त्रिनपा–११ गाईघाट, असारीरोड, लालिगुराक बोडिङ पूर्व काका होटलसंगै जोडिएको
प्रोपाइटरः-**बिनोदकुमार पाण्डे**
सम्पर्कः- ९८५२८३०५८२

यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।

माझखर्क साप्ताहिकको सह-प्रकाशन..
मुलुकी दैनिक
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ राई)
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः- ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट